# आइकम नेपाल
## सञ्चालक एवं पदाधिकारी निर्वाचन सम्बन्धी
## निर्देशिका - २०८०

जारी गरेको मितिः २०८०/०६/१९

प्रस्तावना :

आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को सञ्चालक समितिले कम्पनीको पदाधिकारी र सञ्चालक पदको निर्वाचन सम्बन्धी कामलाई पारदर्शी, नियमित एवं व्यवस्थित रुपबाट सम्पादन गर्नको लागि आइकम नेपालको नियमावलीको नियम १३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाई लागू गरिएको छ ।

**१.नाम तथा प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम "आइकम नेपालको सञ्चालक एवं पदाधिकारी निर्वाचन सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) सम्झनु पर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले आइकम नेपालको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले आइकम नेपालको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले आइकम नेपालको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले आइकम नेपालको सञ्चालक समितिको सचिव सम्झनु पर्छ ।

(छ) "कोषाध्यक्ष" भन्नाले आइकम नेपालको सञ्चालक समितिको कोषाध्यक्ष सम्झनु पर्छ ।

(ज) "संचालक" भन्नाले कम्पनीको सञ्चालक सम्झनु पर्छ । सो शब्दले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई बुझाउनेछ ।

(झ) "निर्वाचन अधिकृत" भन्नाले सञ्चालकको निर्वाचन गर्नको लागि नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(ञ) "मतदान अधिकृत" भन्नाले सञ्चालक निर्वाचन प्रयोजनका लागि नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ट) "कर्मचारी" भन्नाले निर्वाचन कार्यको लागि खटिएका कर्मचारी सम्झनु पर्छ ।

(ठ) "मतदाता" भन्नाले कम्पनीको साधारण सदस्यता लिएको व्यक्तिगत वा संस्थागत सदस्य सम्झनु पर्दछ र सो शब्दले निजले रितपूर्वक मुकर्रर गरेको प्रतिनिधि (प्रोक्सी) समेतलाई जनाउँछ ।

(ड) "मतपत्र" भन्नाले सञ्चालक निर्वाचनको लागि प्रयोग हुने अनुसूची १० बमोजिमको मतपत्र सम्झनु पर्छ ।

(ढ) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

(ण) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ

(त) "प्रतिनिधि (प्रोक्सी)" भन्नाले कम्पनीको व्यक्तिगत वा संस्थागत साधारण सदस्यले आफ्नो सट्टामा साधारण सभामा भाग लिन र मतदान गर्न मुकरर गरेको प्रतिनिधि (प्रोक्सी) सम्झनु पर्छ ।

ICOM International council of museums Nepal (नेपाल)

(थ) “साधारण सदस्य” भन्नाले कम्पनीको सदस्यता लिएको व्यक्ति सम्झनु पर्छ ।

(द) “मतदान केन्द्र” भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको ठाउँ सम्झनु पर्छ ।

(ध) “अनुसूची” भन्नाले यस निर्देशिकामा उल्लेखित अनुसूचीहरु सम्झनु पर्छ ।

(न) “साधारण सभा” भन्नाले कम्पनीको विशेष र वार्षिक साधारण सभा समेत सम्झनु पर्छ ।

(प) “पदाधिकारी” भन्नाले कम्पनीको सञ्चालक बाहेकका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(फ) “आइकम“ भन्नाले आइकम पेरिसलाई सम्झनु पर्छ ।

(फ) “संस्थागत सदस्य“ भन्नाले आइकम नेपालको सदस्यता प्राप्त गर्ने कुनै पनि संग्रहालय वा सो सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## निर्वाचन संचालन र परिणाम

### ३. निर्वाचन अधिकृतको नियुक्ति एवं काम, कर्तव्य तथा अधिकार :

साधारण सभाद्वारा निर्वाचन गराई सञ्चालक नियुक्त गर्न ऐन, प्रबन्धपत्र, नियमावली र यस निर्देशिकाको अधिनमा रही निर्वाचन गराउने कार्यको निमित्त आइकम नेपालको कामसंग असम्बन्धित निर्वाचनसम्बन्धी प्रक्रिया बुझेको कुनै योग्य व्यक्तिलाई सञ्चालक समितिले निर्वाचन अधिकृतको रुपमा देहायवमोजिम काम, कर्तव्य र अधिकार प्रदान गरी नियुक्त गर्नेछ,

(क) मतदता नामावली प्रकाशित गर्ने,

(ख) मतदाता नामावली उपरको दावी विरोध वारे छानविन गरी निर्णय दिने,

(ग) निर्वाचन कार्यक्रम प्रकाशित गर्ने,

(घ) उम्मेदवारको दरखास्त लिने र जाँच गर्ने,

(ङ) उम्मेदवारको नामावली प्रकाशित गर्ने,

(च) उम्मेदवार उपरको दावी विरोध सम्वन्धमा छानवीन गरी निर्णय दिने,

(छ) मतदानको समय तोक्ने, (ज) मतपत्रमा सही गर्ने, (झ) मतपत्र सदर वा रद्द गर्ने,

(ञ) मतपत्र गन्ती गर्ने, (ट) निर्वाचन परिणाम घोषणा गर्ने ,

(ठ) आवश्यकतानुसार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत आदि कर्मचारीहरु नियुक्त गर्ने,

(ड) समितिद्धारा सुम्पिएको तथा यस निर्देशिकामा उल्लेखित निर्वाचन सम्वन्धी सम्पूर्ण कामहरु गर्ने ।

(ढ) संचालक समितिको पदाधिकारीको निर्वाचन गर्नमा सहयोग गर्ने ।

(ण) निर्वाचित संचालकहरुलाई सपथ ग्रहण गराउने ।

### ४. मतदाता :

(क) कम्पनीको साधारण सदस्यता लिएको र सो सदस्यता स्वीकृत वा नविकरण भएको कम्पनीका व्यक्तिगत वा संस्थागत साधारण सदस्य वा प्रतिनिधी मतदाता हुनेछन् ।

(ख) संस्थागत साधारण सदस्यको हकमा एउटा सदस्य संस्थाले मतदान प्रयोजनको लागि दुई जना प्रतिनिधि मनोनित गरी (प्रोक्सी) सहित पठाउनु पर्नेछ ।

(ग) यस कम्पनीको व्यक्तिगत वा संस्थागत साधारण सदस्यले रीतपूर्वक खटाएको वा मनोनित गरेको प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउनेछ । त्यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा यस आइकमको साधारण सदस्य भन्दा वाहिरको व्यक्तिलाई मुकर्रर गर्न पाइने छैन । यदि कम्पनीमा कायम सदस्यभन्दा

International council of museums Nepal (नेपाल)

वाहिरको व्यक्ति प्रतिनिधि नियुक्ति गरेको पाइएमा उक्त प्रतिनिधि (प्रोक्सी) को नियुक्ति बदर हुनेछ तर संस्थागत सदस्यको हकमा यो लागू हुने छैन ।

(घ) प्रतिनिधि (प्रोक्सी) नियुक्ति फाराम अनुसूचि १ बमोजिमको ढाँचामा रहने छ । सो प्रतिनिधि (प्रोक्सी) नियुक्ति फाराम सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तिमा २ दिन अगावै निर्वाचनको कार्यालयको इमेल ठेगानामा तोकिएको समय भित्र दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी वदर गर्ने भएमा सो को लिखित सूचना सभा शुरु हुनुभन्दा १ दिन अगावै निर्वाचनको कार्यालयको इमेल ठेगानामा कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ । अन्यथा पहिले दिएको प्रोक्सी कायमै रहने छ ।

(ङ) एक जना व्यक्तिगत सदस्यले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न पाउने छैन । एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको पाइएमा प्रतिनिधी नियुक्त फाराममा जुनसुकै मिति उल्लेख भएको भएतापनि सबैभन्दा पहिले निर्वाचन कार्यालयमा दर्ता भएको प्रोक्सी फारामलाई मात्र मान्यता दिइने छ ।

**५.मतदाता नामावली प्रकाशन, दावी विरोध र अन्तिम नामावली प्रकाशन :**

(क) निर्वाचन अधिकृतले दफा (४) बमोजिम उपलब्ध मतदाता नामावलीलाई यकिन गरी अनुसूची ३ बमोजिमको ढाँचामा मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्रकाशित नामावलीमा कुनै कुरा सच्याउन, हटाउन वा थपघट गर्नु पर्ने उचित कारण देखिएमा कारण खोली इमेल मार्फत निवेदन वा दावी विरोध गर्न सकिनेछ ।

(ग) उल्लेखित खण्ड (ख) बमोजिम परेको निवेदन वा दावी विरोध उपर छानविन गरी निर्वाचन अधिकृतले अनुसूची ४ बमोजिमको ढाँचामा अन्तिम मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(घ) मतदाताले अनुसूची ४ बमोजिमको मतदाता नामावली हेर्न र सार्न चाहेमा बिगार्न, केरमेट गर्न नमिल्ने गरी हेर्न सार्न दिइने छ । इमेल वा केन्द्रबाट मतदाता नामावली लिन सकिने छ ।

**६.निर्वाचन कार्यक्रमको सूचना :**

(क) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचना अनुसूची २ को ढाँचामा प्रकाशित गर्नेछ र सदस्यले उपलब्ध गराएको इमेल मार्फत सबै सदस्यहरुलाई पठाइनेछ ।

(ख) निर्वाचन अधिकृतले कम्पनीको नियमावलीको नियम १३ बमोजिम संचालक समितिमा एकजना महिला सहित ९ जनाले प्रतिनिधित्व गर्ने व्यबस्था भएकोले सोही बमोजिम निर्वाचन सम्वन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ग) पहिलो चरणको निर्वाचनबाट निर्वाचित भएका ९ जना संचालकहरुको पहिलो बैठकले नियमावलीको नियम १३ (४) बमोजिमका पदाधिकारीहरु चयन गरिनेछ ।

**७. संचालक पदमा उम्मेदवार हुन दरखास्त दिने :**

(क) सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक सदस्यले निर्वाचन अधिकृतले प्रकाशित गरेको निर्वाचन कार्यक्रमको समय भित्र अनुसूची - ५ को ढाँचामा तोकिएको कागजात र तोकिएको दस्तुर तोकिएको बैकमा जम्मा गरी सोको भौचर सहित निर्वाचन प्रयोजनको लागि खोलीएको इमेल ठेगानामा निवेदन दिनु पर्नेछ ।

(ख) उम्मेदवारहरुले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लेखित समयभित्र नाम फिर्ता लिन निवेदन दिनुपर्नेछ ।

ICOM International Council of museums Nepal (नेपाल)

(ग) सहमतिमा निर्वाचन अधिकृतले अनुमति दिएमा खण्ड (ख) मा उल्लेखित अवधिपछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(घ) उमेदवारले दरखास्त पेश गर्दा कम्पनीका सदस्यहरु मध्येबाट एक जना प्रस्तावक र एक जना समर्थक अनिवार्य राख्नुपर्नेछ । यसमा संस्थागत सदस्यलाई पनि राख्न सकिनेछ ।

८. **मनोनयनपत्र दर्ता शुल्क :**

कम्पनीको सञ्चालक समितिको उम्मेदवार हुनलाई मनोनयन दर्ता गर्दा कम्पनीको बैक खातामा रु.१०,०००/- (दश हजार मात्र) जम्मा गरेको भौचर मनोनयनपत्र साथ तोकिएको इमेल ठेगानामा पेश गर्नुपर्नेछ । मनोनयन पत्र साथ भौचर संलग्न नभएमा मनोनयन पत्र दर्ता हुने छैन । नगदमा मनोनयनपत्र बापतको रकम बुझिने छैन ।

९. **उम्मेदवारको योग्यता :**

कम्पनीको सञ्चालक समितिको उम्मेदवार हुनलाई कम्पनी ऐन २०६३, प्रचलित कानून र कम्पनीको प्रबन्धपत्र/नियमावली र निर्वाचनसम्बन्धी निर्देशिकाले सञ्चालक हुन बन्देज नगरेको हुनु पर्नेछ । साथै उमेदवारले आफू आवद्ध रहेको संग्रहालयबाट संचालक समितिमा उम्मेदवारी दिन सहमति प्रदान गरेको सहमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

१०. **उम्मेदवारको दरखास्त रद्द हुने अवस्था :**

(क) उम्मेदवार वा उमेदवार रहेको संस्थाले आइकम नेपाललाई सदस्यता बापतको रकम चुक्ता नगरेको भएमा ।

(ख) प्रस्तावक र समर्थक बस्ने व्यक्ति वा संस्थाले आइकम नेपाललाई सदस्यता बापतको रकम चुक्ता नगरेको भएमा ।

(ग) उम्मेदवारको व्यक्तिगत वा संस्थागत प्रस्तावक र समर्थक आइकम नेपालको साधारण सदस्य नभएमा ।

(घ) संचालक पदको लागि तोकिएको शुल्क तोकिएको अवधिभित्र नबुझाएमा ।

(ङ) यस निर्देशिका अनुसार सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणित भएमा ।

(च) कम्पनी ऐन २०६३, प्रचलित कानून र कम्पनीको नियमावलीले व्यवस्था गरे अनुसार अयोग्य भएमा ।

(छ) उम्मेदवारले आफू सदस्य रहेको संग्रहालयबाट आइकम नेपालको संचालक समितिमा उम्मेदवारी दिन सहमति प्रदान गरेको सहमति पत्र पेश गरेको नभएमा ।

११. **उम्मेदवारको नामावली प्रकाशन :**

प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र दर्ता भएका दरखास्तहरुको जाँचबुझ गरी निर्वाचन अधिकृतले उम्मेदवारहरुको प्रथम नामावली निर्वाचन सम्बन्धी कार्यालयको सूचना पाटीमा टाँस गरी वा वेभसाइटमा प्रकाशित गरी कम्पनीका सदस्यहरुलाई इमेल मार्फत जानकारी गराउने छ ।

१२. **उम्मेदवारको दावी विरोध :**

(क) दफा १० बमोजिम प्रकाशित उम्मेदवारहरुको योग्यता पुगेको छैन भनी उम्मेदवार वा सदस्यका प्रतिनिधीले अनुसूची ६ को ढाँचामा दावी विरोध गर्न सक्नेछन ।

(ख) माथि खण्ड (क) वमोजिम दावी विरोध परेमा सम्बन्धित उम्मेदवारको मनोनयन पत्र छानवीन गरी निर्वाचन अधिकृतले निर्णय दिनुपर्नेछ । निजको निर्णय अन्तिम मानिनेछ ।

१३. **नाम फिर्ता लिने :**

सञ्चालक पदमा उम्मेदवार हुनको लागि दरखास्त दिने व्यक्ति आफै उपस्थित भई वा वारेस मार्फत आफ्नो नाम फिर्ता लिन चाहेमा अनुसूची ७ बमोजिम दरखास्त दिनुपर्नेछ र निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारको नाम लगतबाट कट्टा गरिदिनु पर्नेछ ।

१४. **निर्विरोध निर्वाचित भएको मानिने :**

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा कम वा बराबर भएमा रितपूर्वक उम्मेदवारी दर्ता गर्ने उम्मेदवार निर्विरोध भएको मानी निर्वाचन अधिकृतले साधारण सभामा निर्विरोध निर्वाचित भएको औपचारीक घोषणा गर्नेछ ।

१५. **उम्मेदवारको अन्तिम नामावली प्रकाशित :**

दावी विरोध उपर निर्णय भई नामावली फिर्ता लिने समय समेत समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लेखित समयभित्र अनुसूचि ८ को ढाँचामा उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

१६. **वारेस राख्न पाउने :**

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा अनुसूची ९ को ढाँचामा वारेस राख्न पाउनेछ ।

(ख) प्रत्येक उम्मेदवारले मतदान केन्द्र (मतगणना हुने ठाउँ) मा आफै नबस्ने भएमा मात्र एक जनासम्म वारेस राख्न पाउछ ।

१७. **मतपत्र :**

मतपत्रको ढाँचा अनुसूची १० बमोजिम हुनेछ ।

१८. **मतदान :**

(क) प्रत्येक साधारण सदस्यमा एक मतको मताधिकार रहनेछ र संस्थागत सदस्यमा दुई मतको मताधिकार रहनेछ ।

(ख) मतदाताको नामावलीमा रुजु गरी मतदाता वा प्रोक्सिको सही गराई मतदातालाई मतपत्र दिइने छ ।

(ग) मतदान गोप्य गरिने छ र एकपटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिइने छ ।

(घ) तोकिएको मतदान समयभित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई मतदान गर्न दिइनेछ ।

(ङ) कुनै व्यक्तिले नाम ढांटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले नगद रु.१००/- धरौटी राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न सक्नेछ ।

(च) खण्ड (ङ) बमोजिम विरोध परेमा निर्वाचन अधिकृतले तुरुन्त निर्णय दिनेछ ।

(छ) खण्ड (ङ) बमोजिम आएको विरोध सत्य ठहरे धरौटी रकम फिर्ता गरिनेछ अन्यथा जफत हुनेछ ।

१९. **प्रवेश निषेध:**

(क) मतदान केन्द्रमा उम्मेदवार, वारेस, सम्बन्धित कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिइने छैन ।

(ख) मतदानको लागि तोकिएको समय समाप्त भएपछि दफा १८ को खण्ड (ग) को अवस्थामा वाहेक मतदान केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिनेछ ।

(ग) शारीरिक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

ICOM International council of museums नेपाल

२०. **मतदान स्थगित गर्ने:**

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) कावुवाहिरको परिस्थिति परी निर्वाचन अधिकृतलाई मतदान स्थगित गर्न बान्छनीय लागेमा निर्वाचन कार्य स्थगित गर्न सकिनेछ ।

(ग) परिस्थितिबस निर्वाचन कार्य ढिला प्रारम्भ गर्न परेमा निर्वाचन अधिकृतले समय सार्न सक्नेछ ।

(घ) संचालक समितिको निर्णयले विशेष कारण उल्लेख गरी निर्वाचन स्थगित गर्न निर्वाचन अधिकृतलाई अनुरोध गरेमा निर्वाचन अधिकृतले निर्वाचन वा मतदान स्थगित गर्नेछ ।

(ङ) साधारण सभा स्थगित भएमा निर्वाचन स्वतः स्थगित हुनेछ ।

२१. **मत पेटीका :**

(क) निर्वाचनमा प्रयोग गरिने खाली मटपेटिका उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरुलाई देखाई निजहरुको रोहवरमा मतपत्र छिराउने प्वालमात्र खुल्ला राख्न लगाई मतदान हुने स्थानमा राखिनेछ ।

(ख) मतदान कार्य सकिएपछि निर्वाचन अधिकृतले मतपेटिकाको मतपत्र छिराउने प्वाल उपस्थित उम्मेदवार र निजको प्रतिनिधिको सामुन्ने बन्द गरी मतगन्ती गर्ने स्थानमा लग्नु पर्नेछ वा मतदान भएको स्थान र मत गन्ती गर्ने स्थानको दुरी सामान्य रहेको वा मतदान स्थानमा नै मतगन्ती गर्ने अवस्थामा उम्मेदवाहरु वा निजहरुको वारेसको रोहवरमा सो मतपेटिकमा खोली मतगणना गर्न सकिनेछ ।

(ग) मतपेटीका साथ उम्मेदवार वा वारेस आउन चाहेमा आउन दिनु पर्नेछ ।

(घ) मतदान सुरु गर्नु भन्दा रित्तो मत पेटिका बन्द गरेको मुचुल्का अनुसूची - ११ बमोजिम र मतदान सकिएपछि मतपटिकाको प्वाल बन्द गरेको मुचुल्का अनुसूची - १३ मा दिए बमोजिम हुनेछ ।

२२. **मतगणना :**

(क) तोकिएको ठाउमा मतपेटिका पुऱ्याएपछि निर्वाचन अधिकृतले यथासम्भव छिटो मतगणना शुरु गर्नु पर्नेछ ।

(ख) मतगणना कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको वारेस बाहेक अन्यलाई प्रवेश निषेध गरिनेछ ।

(ग) मतगणना सम्वन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको सही हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृले मात्र सही गरे पनि पुग्नेछ ।

(घ) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाई वन्द गर्नु पर्नेछ ।

(ङ) मत गन्तीको काम लगातार जारी राख्नुपर्छ । उक्त काममा वाधा विरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले वाहिर निकाल्न सक्नेछ ।

(च) मत गणना अगाडि मतपेटिकाको शिल तोड्ने मुचुल्का अनुसूची - १३ बमोजिम हुनेछ ।

२३. **निम्न लिखित मतपत्रहरु बदर हुनेछन् :**

(क) निर्वाचन अधिकृतको सही नभएको,

(ख) मतपत्र च्यातिएको, प्वाल परेको, केरमेट वा फोहोर मैला भएको,

(ग) मतदान नगर्ने भनी निर्वाचन अधिकृतलाई फिर्ता दिइएको,

(घ) मतपत्रमा अन्य कुनै संकेत गरिएको,

(ङ) तोकिएको ढाचा बमोजिम आवश्यक उम्मेदवार भन्दा बढी उम्मेदवारको चिन्ह वा छाप लागेको । तर आवश्यक उमेदवार भन्दा कम नाममा चिन्ह वा छाप लागेको भएमा सो मत सदर हुनेछ ।

२४. **मत बराबर भएमा गोला हाली निर्णय गर्ने :**

(क) उम्मेदवारहरुले प्राप्त गरेको मत बरावर भई निर्वाचित भएको मान्न नसकिने स्थिति सिर्जना भएमा गोलाप्रथाबाट निर्णय गरिने छ ।

(ख) गोलाप्रथाबाट निर्वाचित उम्मेदवार बहुमतद्वारा निर्वाचित भएको मानिने छ ।

(ग) निर्वाचन अधिकृतले मतगणनाको कार्य सकिएपछि प्रत्येक उम्मेदवारले पाएको सदर मत, वदर मत समेत उल्लेख गरी सकेसम्म प्रत्येक उम्मेदवार वा वारेसको सही गराई अनुसूची १४ को ढाँचामा विजयी उम्मेदवारको घोषणा गर्नु पर्नेछ ।

२५ **सपथ ग्रहण :**

निर्वाचन अधिकृत वा कम्पनीले तोकेको कुनै व्यक्तिले सञ्चालक समितिमा निर्वाचित संचालकहरुलाई अनुसूची - १५ बमोजिम सपथ ग्रहण गराउनुपर्नेछ । सपथग्रहण गरेको दिनबाट संचालक समिति बैधानिक भएको मानिनेछ ।

२६ **संचालक पदको निर्वाचन सकिएपछि पदाधिकारीहरुको निर्वाचन हुने :**

(क) संचालकहरुको निर्वाचन सम्पन्न भै विजयी संचालकको नाम घोषण भएपछि निर्वाचित संचालकहरुको भेला वा बैठक गराई निर्वाचन अधिकृतले एक जना अध्यक्ष, आवश्यकता अनुसार एकजना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यक्षको निर्वाचन गराउनेछ । यो निर्वाचनमा सबै निर्वाचित संचालकहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ ।

(ख) निर्वाचन सहमती वा ध्वनीमतको माध्यमबाट सम्पन्न गरी सोको घोषणा निर्वाचन अधिकृतले गर्नेछ ।

(ग) पदेन सदस्य पर्यवेक्षकको रुपमा मात्र उपस्थित हुन सक्नेछन् । निजहरुलाई पदाधिकारी निर्वाचनको मताधिकार रहने छैन ।

(घ) पदाधिकारी निर्वाचन सम्बन्धी प्रक्रिया निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

२७ **निर्वाचनको काम इमेलमार्फत हुने :**

निर्वाचनको मतदान देखि बाहेकका सबै काम निर्वाचन अधिकृतले निर्वाचन प्रयोजनको लागि खडा गरेको इमेल सेवा मार्फत हुनेछ । इमेल मार्फत प्रोक्सी पठाउने, उमेदवारको नाम दर्ता, दावी विरोध लगायतका कामहरु हुनेछ ।

२८ **निर्वाचन सकिएपछि सिलबन्दी गर्ने :**

निर्वाचन सकिएपछि बाकी रहेको मत्रपत्र, प्रयोग भएको मतदाता नामावली आदि कागजातहरु बन्द गरी निर्वाचन अधिकृतले आइकम नेपालको सचिवलाई जिम्मा दिनु पर्नेछ ।

२९. **निर्देशिकाको संशोधन :**

यस निर्देशिकाको संशोधन, थपघट गर्ने अधिकार आइकम नेपालको सञ्चालक समितिलाई मात्र हुनेछ । सो संशोधन र थपघट साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

३०. **कर्मचारी नियुक्ति गर्ने अधिकार** :

निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गर्न आवश्यकतानुसार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरु कम्पनीले नै पारिश्रमिक दिने गरी नियुक्त गर्न सक्नेछ ।

३१. **सम्पर्क :**

निर्वाचन अधिकृतले निर्वाचनसम्बन्धी कार्यको लागि सञ्चालक समितिसंग सम्पर्क राख्नु पर्दा आइकम नेपालका अध्यक्ष वा निजले तोकेको सदस्य मार्फत सर्म्पक राख्नु पर्नेछ ।

ICOM International council of museums Nepal (नेपाल)

## परिच्छेद - ४
## विविध

३२. **आइकम नेपाल र आइकमको राष्ट्रिय समितिसम्बन्धी व्याख्या र हस्तान्तरण :**
यस निर्वाचन निर्देशिका बमोजिम निर्वाचित आइकम नेपालको संचालक समितिले स्वत: आइकमको नेपाल स्थित राष्ट्रिय समितिको रुपमा तीन वर्ष कार्यसम्पादन गर्नेछ । दुई निकाय फरक फरक जस्तो देखिएतापनि निर्वाचन मार्फत प्राप्त आइकम नेपालको संचालक समिति नै आइकम पेरिसको नेपाल स्थित राष्ट्रिय समितिको रुपमा रहनेछ । निर्वाचनपछि तोकिएको समयमा निवर्तमान समितिले निर्वाचित समितिलाई एक महिना भित्रमा पदभार हस्तान्तरण गर्नेछ ।

३३. **संचालकको निर्वाचनको समय :**
वर्तमान संचालक समितिको कार्यकाल समाप्त हुनुभन्दा एक महिना अगाडी नै निर्वाचन संचालन गरी कार्यकाल समाप्त हुनुभन्दा अगाडि नै नयाँ संचालक समितिलाई पदभार हस्तान्तरण गर्नुपर्नेछ ।

३३. **खारेजी र बचाउ :**
आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७६ खारेज गरिएको छ र उक्त निर्देशिका बमोजिम भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ICOM International council of museums Nepal (नेपाल)

## अनुसूचि -१

## आइकम नेपालको

## साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदनको ढांचा

श्री संचालक समिति
आइकम नेपाल,
काठमाडौं, नेपाल ।

म निवेदकले आइकम नेपालको साधारण सदस्यको हैसियतले मिति ................ गते .........वारका दिन हुने ........ साधारण सभामा उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको हुनाले मेरो तर्फबाट भाग लिन र मतदान गर्नका लागि ............... जिल्ला .................................. न.पा. / गा.पा.वडा नं. ...... बस्ने श्री ..............................................लाई प्रतिनिधि नियुक्त गरी पठाएको छु ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमुना :
नामः
आइकम नेपालको सदस्यता नं.
मिति :
समयः

**निवेदक**
दस्तखत :
नाम :
आइकम नेपालको सदस्यता नं. :
मिति :
समयः
संस्थाको हकमा छापः

ICOM International council of museums Nepal (नेपाल)

अनुसूची -२

# आइकम नेपालको

## निर्वाचन कार्यक्रमको सूचना

आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को मिति ............. गते ......बार सम्पन्न हुने ........ बार्षिक साधारण सभाबाट कम्पनीको नियमावलीको नियम १३ (२) बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक महिला सहित सञ्चालक पद - ९ को निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ । मतदान र मतगणना बाहेक मनोनयन पत्र दर्ता, उमेदवारको नामावली प्रकाशन र दावी विरोध जस्ता सबै कार्यक्रम इमेल मार्फत हुने हुनाले ..................... इमेल प्रयोग गरिदिनु हुन र सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका ICOM Nepal Webside मा हेर्नुहुन अनुरोध छ ।

| क.स. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन | | | | | ICOM Nepal Webside मा हेर्नु होला |
| २ | मतदाता नामावलीमा दावी विरोध | | | | | ................ मा इमेल गर्नु होला |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | | | | | ICOM Nepal Webside मा हेर्नु होला |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता | | | | | ................ मा आवस्यक कागजात सहित इमेल मार्फत निवेदन गर्नु होला |
| ५ | उम्मेदवारको प्रथम चरणको नामावली प्रकाशन | | | | | ICOM Nepal Webside मा हेर्नु होला |
| ६ | उम्मेदवारको नाम उपर दावी विरोधमा उजुर दिने | | | | | ................ मा इमेल मार्फत निवेदन गर्नु होला |
| ७ | दावी विरोधको निर्णय पछि उम्मेदवारको नामावली प्रकाशन | | | | | ICOM Nepal Webside मा हेर्नु होला |
| ८ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | ICOM Nepal Webside मा हेर्नु होला |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित | | | | | ................ मा इमेल मार्फत निवेदन गर्नु होला |
| १० | मतदान | | साधारण सभाको अन्य कार्यक्रम समाप्त भए पश्चात | | | |
| ११ | मतगणना | | मतदान समाप्त भए पश्चात | | | |
| १२ | निर्वाचन परिणाम घोषणा | | मतगणना समाप्त पश्चात | | | |
| १३ | संचालकको सपथग्रहण | | संचालकको निर्वाचन परिणाम घोषणा पश्चात | | | |
| १४ | पदाधिकारीको निर्वाचन र परिणाम घोषणा | | संचालकको सपथ ग्रहण पश्चात | | | |

मिति :

छाप

(...................)

निर्वाचन अधिकृत

ICOM International council of museums Nepal (नेपाल)

<u>अनुसूची - ३</u>
<u>आइकम नेपालको</u>
<u>मतदाता नामावली</u>

आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचन प्रयोजनको लागि आइकम नेपालमा अभिलेख भै प्राप्त भएको सदस्यता लगत बमोजिमका सदस्यहरु उक्त निर्वाचनको लागि मतदाता भएको हुँदा सोही सदस्यताको नाम आइकम नेपालको वेभसाईडमा राखिएको व्यहोरा सम्वन्धित सबैका लागि प्रकाशित गरिएको छ ।

मिति :
समयः

.......................
(..................)
निर्वाचन अधिकृत

ICOM International council of museums Nepal (नेपाल)

अनुसूची - ४

आइकम नेपालको

अन्तिम मतदाता नामावली

आइकम नेपालको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनका लागि .................. मतदाता नामावलीमा उल्लेखित ..... जनामाथि कुनै दावी विरोध ..................................... मतदाता रहने गरी अन्तिम मतदाता नामावली प्रकाशन भएको ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मिति :

समय:

(.....................)

निर्वाचन अधिकृत

ICOM International council of museums Nepal (नेपाल)

## अनुसूची - ५

## आइकम नेपालको
## उम्मेदवारको मनोनयन पत्र

श्री निर्वाचन अधिकृतज्यू,
आइकम नेपाल,
काठमाडौं ।

मिति :

महोदय,

आइकम नेपालको मिति ............ गते बस्ने .......... वार्षिक साधारण सभाको बैठकवाट हुने सञ्चालकहरुको निर्वाचनमा महिला/खुल्ला सञ्चालक पदमा उम्मेदवार हुनको लागि तोकिएको शुल्क रु.१०,०००/- (दश हजार) आइकम नेपालको नाममा इन्भेष्टमेन्ट बैंक लि. को नयाँसडक शाखा काठमाडौंमा रहेको ००७०२०५०२५०२१४ खातामा जम्मा गरी सोको भौचर प्रति, आफू संलग्न रहेको संग्रहालयको उम्मेदवार हुन सहमति दिएको पत्र र प्रस्तावक तथा समर्थकले समेत हस्ताक्षर गरेको निवेदन साथै राखी आईकम नेपाल, निर्वाचन समितिको आधिकारिक इमेल ................................... मार्फत यो मनोनयन पत्र दर्ता गरेको छु । मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन् ।

१. सदस्यको नाम :
२. अधिकार प्राप्त प्रतिनिधिको नाम :
३. आइकम नेपालको सदस्यता नं.
४. फोन नम्बर:
५. इमेल ठेगाना:

**उम्मेदवारको प्रस्तावक**

**उम्मेदवारको दस्तखत**

१. सदस्यको नाम:
२. आईकम नेपाल सदस्यता नं.
३. फोन नम्बर:
४. इमेल ठेगाना:

**उम्मेदवारको समर्थक**

**प्रस्तावकको दस्तखत**

१. सदस्यको नाम:
२. आईकम नेपालको सदस्यता नं.
३. फोन नम्बर:
४. इमेल ठेगाना:

ICOM International council of museums Nepal (नेपाल)

**समर्थकको दस्तखत**

# अनुसूची - ६
# आइकम नेपालको
# उम्मेदवारीमा दाबी बिरोध

श्री निर्वाचन अधिकृतज्यू,
आइकम नेपाल,
काठमाडौं, नेपाल ।

महोदय,

आइकम नेपालको साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधत्व गर्ने महिला/खुल्ला सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुनु भएका आइकम नेपाल सदस्यता नं. ........ का श्री ............................................ निम्न कारणहरुले गर्दा उम्मेदवार हुन अयोग्य भएकाले निजको उम्मेदवारी खारेज गरी पाउंन आईकम नेपाल, निर्वाचन समितिको आधिकारिक इमेल ......................... मार्फत अनुरोध गर्दछु ।

उजुरीको कारण :

दस्तखत
उजुरीकर्ताको नाम :
आइकम नेपाल सदस्यता नं. :
मिति :
समय:

ICOM International council of museums Nepal (नेपाल)

## अनुसूची - ७

## आइकम नेपालको
## सञ्चालक पदको उम्मेदवारीबाट नाम फिर्ता लिएको सूचना

श्री निर्वाचन अधिकृतज्यू
आइकम नेपाल,
काठमाडौं, नेपाल ।

महोदय,

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधत्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन मैले मनोनयन पत्र दर्ता गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजी खुसीले उम्मेदवारीबाट हट्न आईकम नेपाल, निर्वाचन समितिको आधिकारिक इमेल ...................................... मार्फत यो निवेदन पेश गरेको छु । कृपया मेरो नाम उम्मेदवारको सूचीबाट हटाइ पाऊ भनी अनुरोध गर्दछु ।

मितिः
समयः

निवेदक

दस्तखत :
नामः
सदस्यता नं.

**(निर्वाचन अधिकृतले भर्ने)**

यो निवेदन मिति ................. मा .......... बजे भित्र निर्वाचन अधिकृतको इमेल ठेगानामा प्राप्त भएको हो ।

निर्वाचन अधिकृत

**निर्णय**

माथि उल्लेख गरे बमोजिको सूचनाको व्यहोरामा सत्यता भएकोले श्री .....................को नाम उम्मेदवारीबाट नाम हटाउने निर्णय गरियो ।
मितिः .
समयः

......................
(......................)
**निर्वाचन अधिकृत**

अनुसूची - ८

## आइकम नेपालको

## सञ्चालक पदको उम्मेदवारको अन्तिम नामावली

आइकम नेपालको साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नका लागि उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी कायम रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ ।

| क.सं | उम्मेदवारको नाम | सिफारिस गर्ने संस्थाको नाम | ठेगाना | आइकम नेपालको सदस्यता नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

मिति :

समयः

ICOM International council of museums Nepal (नेपाल)

(................)

निर्वाचन अधिकृत

अनुसूची -९

आइकम नेपालको

वारेसनामा

श्री निर्वाचन अधिकृतज्यू
आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी),
काठमाडौं, नेपाल ।

महोदय,

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनको लागि उम्मेदवारी दर्ता गर्न, उम्मेदवारी फिर्ता लिन र मतगणना कार्यमा समेत प्रतिनिधिको रुपमा रहन श्री ..........................................लाई वारेस मुकर्रर गरेको छु । निजले गरेको सम्पूर्ण काममा मेरो मञ्जुरी छ ।

मितिः
समयः

**उम्मेदवारको दस्तखतः**
नाम, थरः
आईकम नेपाल सदस्यता नं.
फोन नं.

उपरोक्त बमोजिम वारेस वस्न मेरो मन्जुरी छ ।

मितिः
समयः

दस्तखत :
नाम थर :
आइकम नेपाल सदस्यता नं. :
फोन नं.

उपरोक्त बमोजिमको वारेसनामा इमेल मार्फत प्राप्त भएको हो ।

मितिः
समयः

ICOM International council of museums Nepal (नेपाल)

.....................
(....................)
**निर्वाचन अधिकृत**

## अनुसूची - १०
## आइकम नेपालको
## मतपत्रको नमूना

आइकम नेपालको मिति ............... गते सञ्चालक पदको लागि निर्वाचन मतपत्र ।

| क्र.सं. | उम्मेदवारको नाम | ✓ चिन्ह |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |

मतदान गर्न चाहेको कुनै एक उम्मेदवारको नामको पछाडि ठीक चिन्ह (कोठा भित्र मात्र) लगाउनु पर्नेछ । बढीमा जम्मा ९ जना सम्म उम्मेदवारको नाउँमा मात्र चिन्ह लगाउनु पर्नेछ । ९ जना भन्दा कम उमेदवारको नाममा चिन्ह लगाएको भएमा भने मतपत्र बदर हुनेछैन ।

निर्वाचन अधिकृत

*द्रष्टव्य : नौ भन्दा बढी उम्मेदवारलाई ठीक चिन्ह लागेको भएमा, कोठा भन्दा वाहिर लागेको भएमा वा कुनै सकेत वा चिन्ह प्रयोग भएको पाइएमा यो मतपत्र रद्ध हुनेछ ।*

ICOM International council of museums Nepal (नेपाल)

# अनुसूची -११
## आइकम नेपालको
## मतदान शुरु गर्नुभन्दा अघि रित्तो मतपेटिका बन्द गरेको मुचुल्का

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनमा मतदान गर्ने कार्य आज मिति .............. का दिन .... बजे शुरु हुने भएकाले मतदान कार्यमा प्रयोग गरिने मतपेटिका थान .. हामी तपसिलका व्यक्तिहरुको रोहवरमा रीतपुर्वक बिर्को बन्द गरी मतपत्र खसाल्ने ठांउ मात्र राखी चिन्ह भएको लाहाछाप लगाएको ठीक सांचो हो ।

**तपसिल**

| क्र.सं. | उम्मेदवार वा निजको प्रतिनिधि (वारेस) को नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**मिति :**

**समय :**

ICOM International council of museums Nepal (नेपाल)

......................

(......................)

**निर्वाचन अधिकृत**

Meenc

# अनुसूची - १२
## आइकम नेपालको
## मतपेटिकाको प्वाल बन्द गरेको मुचुल्का

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनको सिलसिलामा आज मिति ........................ का दिन ......... बजे मतदान गर्ने कार्य सकिएकाले मतदानका लागि प्रयोग गरिएका मतपेटिका थान ... को मतपत्र खसाल्ने प्वाल हामी तपसिलका व्यक्तिहरुको रोहवरमा रीतपुर्वक बन्द गरी ............ चिन्ह भएको लाहाछाप लाएको व्यहोरा ठीक सांचो हो ।

**तपसिल**

| क्र.सं. | उम्मेदवार वा निजको प्रतिनिधि (वारेस) को नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**मिति :**

**समय :**

ICOM International council of museums Nepal (नेपाल)

.....................

(.....................)

**निर्वाचन अधिकृत**

## अनुसूची - १३
## आइकम नेपालको
## मतपेटिकाको शिल तोडेको मुचुल्का

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनको लागि मतदान गर्ने कार्य आज मिति ................ का दिन ........ बजे समाप्त भई मत गणना कार्य शुरु हुनु अघि मतदान कार्यमा प्रयोग गरिएको मतपेटिका थान ... को लाहाछाप तोडी रीतपुर्वक मतपेटिका खोलिएको ठीक सांचो हो ।

**तपसिल**

| क.सं. | उम्मेदवार वा निजको प्रतिनिधि (वारेस) को नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**मिति :**
**समय :**

ICOM International council of museums Nepal (नेपाल)

.....................
(....................)
**निर्वाचन अधिकृत**

## अनुसूची - १४
## आइकम नेपालको
## निर्वाचन परिणामको घोषणा

आइकम नेपालका साधारण सदस्यहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनमा देहायका उम्मेदवारहरुले देहायको मत प्राप्त गर्नु भएकोले निर्वाचन परिणाम घोषणा गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत संख्या | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

उपरोक्त परिणाम अनुसार बढी मत प्राप्त गर्नु हुने तपसिलका व्यक्तिहरु सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

१.
२.
३.
४.
५.
६.
७.
८.
९.

मिति:
समय:

ICOM International council of museums Nepal (नेपाल)

....................
(....................)
निर्वाचन अधिकृत

**अनुसूचि - १५**
**आइकम नेपाल**
**सञ्चालकले लिनुपर्ने सपथ**

म ......................... इश्वरलाई साक्षी राखी सत्य निष्ठाका साथ आइकम नेपालको संचालक समितिको हैसियतले कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून तथा कम्पनीको प्रवन्धपत्र, नियमावली र निर्देशिकाको अधिनमा रही कम्पनीको सर्वोपरी हित चिताई मैले आफ्नो योग्यता र क्षमताले भ्यमएसम्म आफ्नो जिम्माको काम इमान्दारीका साथ निर्वाह गर्नेछु । कानूनले वाध्य गराएको अवस्थामा बाहेक कम्पनीको हित प्रतिकूल हुनेगरी प्रकाश गर्न नहुने कुरा म सञ्चालकको पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि गोप्य राख्नेछु भनी यो सपथ लिएको छु ।

मितिः

सञ्चालकको दस्तखतः
नाम र थरः
आइकम नेपाल सदस्यता नं.

Meena

ICOM International council of museums Nepal (नेपाल)